महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

तातोपानी गाउँपालिका, जुम्ला

८०६६२५०३३००

तातोपानी गाउँपालिका , जुम्ला

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-६-१८

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
तातोपानी गाउँपालिका, जुम्ला ,
तातोपानी गाउँपालिका , जुम्ला

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।६। १६ मा छलफल पश्चात् तयार गरिएको पाना पैतिस (३५) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७५ को दफा ३५ बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत ।कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

श्रीधर प्रसाद पन्त
निर्देशक

बोधार्थ तथा कार्यार्थः
संघिय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिहंदरबार काठमाडौं,
info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय, जुम्ला,
jumladtco@gmail.com
प्रदेश लेखा नियन्त्रक कार्यालय, जुम्ला,
jumla.efuo62@gmail.com
जिल्ला समन्वय समिति, जुम्ला,
ddcjumla@gmail.com

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४७ सभा सदस्य, ५२५.५६वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ६ सय ३८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१९ देखि २०८०।५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१३९३४५५२ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सर्शत पशु शिर्षको अग्रिम करको रकम मिति २०८०।५।२४ मा राष्ट्रिय वाणिज्य बैकमा दाखिला भएको छ । | २०२२० |
| २ | फिर्ता गर्नुपर्ने प्रदेश र सघीय अनुदान रकम मिति २०८०।६।२ मा फिर्ता गरेको छ । | १३३५०७७२ |
| ३ | शिक्षा तर्फको दाखिला गर्न बाकी कर मिति २०८०। मा दाखिला भएको छ । | २००८० |
| ४ | विद्यालय भौतिक निर्माणको वढी निकाशा भएको रकम मिति २०८०।५।२५ मा दाखिला भएको छ । | ५४३४८० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ११३४७२६८४ | १ | चालु खर्च | ३०५९६०७३२ | ३०५९६०७३२ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १९७०३६२२३ | १९७०३६२२३ |
| | ख) बैंक | ११३४७२६८४ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ८६३३४०८२ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३०९९९६२ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ८३२३४१२० | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | धरौटी फिर्ता | १९१६५९ | १९१६५९ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३४२०३४२४५ | ५ | गत वर्षको निकाशा फिर्ता | २०८४५०० | २०८४५०० |
| | क) वित्तिय समानीकरण अनुदान | १०२८६०००० | | ६ | सामाजिक विकास मन्त्रालयबाट | १३५००० | १३५००० |
| | ख) सशर्त अनुदान | २२३२७१३३१ | | ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०४०००० | २०४०००० |
| | ग) समपूरक अनुदान | २३८७८६४ | | ८ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | २००००० | २००००० |
| | घ) विशेष अनुदान | १३५१५०५० | | ९ | सामाजिक सुरक्षा भत्ता | ७४०८०२५४ | ७४०८०२५४ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ५१८१२६२६ | १० | मौज्दात | | ८९०३६१९६ |
| | क) वित्तिय | ११२४९००० | | | क) बैंक मौज्दात | ८९०३६१९६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समानीकरण अनुदान | | | | | | |
| | ख) सशर्त अनुदान | ३१८५०००० | | | ख) नगद मौज्दात | ० | |
| | ग) समपुरक अनुदान | ४०६३६३९ | | ११ | धरौट मौज्दात | २६५२७०० | २६५२७०० |
| | घ) विशेष अनुदान | ४६४९९८७ | | १२ | कोष खाताको मौज्दात | | १२५२३८६८ |
| ५ | विभिन्न कोषतर्फको आय | १२५२३८६८ | १२५२३८६८ | | क)प्रकोप व्यवस्थापन | ६५६३२६ | |
| ६ | धरौटी आय | २६१८३६८ | २६१८३६८ | | ख)विविध खर्च खाता | ११८६७५४२ | |
| ७ | सामाजिक विकास मन्त्रालयबाट | १३५००० | १३५००० | | | | |
| ८ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०४०००० | २०४०००० | | | | |
| ९ | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | २००००० | २००००० | | | | |
| १० | सामाजिक सुरक्षा भत्ता | ७४०८०२५४ | ७४०८०२५४ | | | | |
| ११ | हिसाव मिलान | ६९०००५ | ६९०००५ | | | | |
| | जम्मा | ६८५९४११३२ | ६८५९४११३२ | | जम्मा | ६८५९४११३२ | ६८५९४११३२ |

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट

स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७४०८०२५४, र अन्य रु.२३७५००० समेत गरी रु.७६४५५२५४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब** –

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३०९२८ , यस वर्षको प्राप्ति रु.८४१८३५८३,यस वर्षको भुक्तानी रु.७१२३१४७५ र बैङ्क मौज्दात रु.१०९५८४८६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ११३५०३६१२ | ४८७५९४८६० | ५१०४९६८९३ | ९०६०१५७८ |
| एकीकृत आर्थिक विवरणअनुसार | ११३४७२६८४ | ५७१७७८४४३ | ५८१७२८३६८ | १०१५६००६४ |
| फरक | ३०९२८ | (८४१८३५८३) | (७१२३१४७५) | (१०९५८४८६) |

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी** -

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.११३४७२६८४ मौज्दात रहेकोमा यो वर्ष एकिकृत आर्थिक विवरण अनुसार रु. ११३४७२६८४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भए बराबरको जिम्मेवारी सारेको छ । तर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसार गतवर्षको मौज्दात रु.१२,९४,५६,३६४.२ रहेकोमा यसवर्ष रु.११,३५,०३,६१२.०० जिम्मेवारी सरेको देखिन्छ । फरक हिसाब यकिन गरी पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ८६५४४४४८ | ४१२६८५२१ | (४५२७५९२७) |
| चालु खर्च खाता | ० | १२५३५८१९ | १२५३५८१९ |
| पुँजीगत खर्च खाता | ० | १६१६७३७३ | १६१६७३७३ |
| आन्तरिक अनुदान खाता | ० | १०६९७१९० | १०६९७१९० |
| आन्तरिक राजश्व खाता | ० | ३०९९९६२ | ३०९९९६२ |
| वाडँफाडँबाट प्राप्त राजश्व | ० | ५३२७३३० | ५३२७३३० |
| प्रकोप व्यवस्थापन खाता | ६५५४२१ | ६५६३२६ | ९०५ |
| विविध खर्च खाता | ११८६७५४२ | ११८६७५४२ | ० |

यस पालिकाले स्रेस्ताअनुसारको विभिन्न खाताको मौज्दात मलेप हुनु भन्दा अगाडी नै सञ्चित कोष खातामा ट्रान्सफर गरेकोले शुत्रमा फरक फरक खाताको श्रेस्ताअनुसार बाकी नदेखिइ स्थानीय तह सञ्चित कोष खातामा फरक रु.४५२७५९२७ घटी रहेको भन्ने कार्यालयको भनाइ रहेको छ । पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१२५३५८१९, पुँजीगत खातामा रु.१६१६७३७३, आन्तरिक राजस्व खातामा रु.३०९९९६२, राजस्व बाँडफाँड खातामा रु.५३२७३३०, आन्तरिक अनुदान खातामा रु.१०६९७१९० समेत रु. ४७८२७६७४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **एकीकृत आर्थिक विवरणमा फरक –**

पालिकाले तयार गरेको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार आयतर्फ कूल आय रु.६८५२५११२७ र व्ययतर्फ रु.६८५९४११३२ भएको आर्थिक विवरण पेस गरेकोमा फरक रु.६९०००५ लाई हिसाब मिलान भनि आयतर्फ राखेकोले सो सम्बन्धमा पालिकाले यकिन गरी आवश्यक प्रमाण कागजात पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९०,००५ |

९ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरेको पाइएन ।

• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।

• पालिकाले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरेको पाइएन ।

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन ।

• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन ।

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन ।

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरेको पाइएन ।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरेको भएता पनि अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार गरेको पाइएन ।

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सोको मुल्याकंन गरेको पाइएन ।

• पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख गरेको पाइएन ।

• पालिकाले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको छैन । मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था गरेको पाइएन ।

• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित गरेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन ।

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेस भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी रहेको पाइयो ।

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन ।

• पालिकाद्धारा संञ्चालित योजनाहरुको स्थलगत अवलोकन नगरीएको कारण योजना तथा कार्यक्रमहरुको वास्तविक अवस्था यकिन हुन सकेन साथै नियममा व्यवस्था भए अनुसार वार्षिक प्रगती विवरण तयार नगरेको कारण सो सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० **भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ तथा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• पालिकाले म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको

• भ्रमण पश्चात म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेस नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । गाउँपालिकाले आफ्नै पालिकामा आलेप सहायक रहेको अवस्थामा समेत यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी

व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट पेस, पारित र अख्तियारी –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.६३ करोड ७४ लाख ९४ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०७९।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले त्रैमासिक प्रगति नवनाई चौमासिक रुपमा नै बनाई पेस गरेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | | | **चैमासिक खर्च** | |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **आषाढ महिना** |
| पूँजिगत खर्चतर्फ | १९७०३६२२३ | १५२३७६९७ | ४४४७१५७८ | १३७३२६९४८ | ८४४४०२७६ |
| प्रतिशत | १०० | ७.७३ | २२.५७ | ६९.७० | ४२.८५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१९७०३६२२३ निकासा भएकोमा प्रथम चौमासिकमा रु.१५२३७६९७ (७.७३प्रतिशत), दोस्रो चौमासिकमा रु. ४४४७१५७८(२२.५७ प्रतिशत) र तेस्रो चौमासिकमा रु.१३७३२६९४८ (४२.८५प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.८४४४०२७६(४२.८५प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशतजम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६९१३२७२५ | ४९५३६५०१ | ९.८५ |
| २ | पूर्वाधार विकास | १४७२४४५०० | १०७५९३९१६ | २१.३९ |
| ३ | सामाजिक विकास | २५६४४०५०० | २२४११०१८५ | ४४.५६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२५५७००० | १९७८०४०३ | ३.९३ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४२१२०१७६ | १०१९७५९५० | २०.२७ |
| **जम्मा** | | ६३७४९४९०१ | ५०२९९६९५५ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४४.५६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ३.९३ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

१९ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.३०९९९६२, राजस्व बाँडफाँडबाट रु.८३२३४१२० र अनुदानबाट रु.३९३८४६८७१ समेत रु.४८०१८०९५३ आम्दानी भएकोमा चालु तर्फ रु.३०५९६०७३२ र पूँजिगत तर्फ रु.१९७०३६२२३ समेत रु.५०२९९६९५५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५७६३००० खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा १८५.९० प्रतिशत वढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.१३ प्रतिशत चालु र ४१.३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी

प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **निवेदन दर्ता** | **सिफारिस भएको संख्या** |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | विवरण पेस भएन |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | | ३४९ |
| मृत्युदर्ता | | ११० |
| बसाईसराई दर्ता | | ३७ |
| विवाह दर्ता | | १४४ |
| सम्बन्धविच्छेद दर्ता | | १ |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | | नभएको |
| कालोपत्रे सडक मर्मत | | नभएको |
| ग्राभेल सडक निर्माण | | ५७० मिटर |
| ग्राभेल सडक मर्मत | | नभएको |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक अवस्था देखिएन ।

सैद्धान्तिक बेरुजु

२१ **आवधिक योजना –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले

वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरूमा गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी र दिगो विकास, वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार कुल १३७ योजनामा वजेट विनियोजन गरेको छ।

| योजना सङ्ख्या | रु.५० लाख माथिका योजना सङ्ख्या | रु.१०लाख देखि ५० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि १० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| १३७ | १ | १५ | ४३ | ७८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १३७ योजनामात्र कार्यान्वयन भई २८ योजना तथा कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **लक्ष्य प्रगति :**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेस गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | २३२ | २८ | १ | १२ | १७२ |

पालिकाले शिर्षकगत रुपमा वार्षिक लक्ष्य प्रगति तयार गरेको नदेखिएकोले सो सम्बन्धमा विश्लेषण गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

२४ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष १६ योजनामा रु.९५ लाख रकम रकमातर गरेको पाइयो । बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने र बजेट कार्यान्वयन समयावधिको कारण खर्च उपलब्धी सार्थक हुने देखिदैन। ऐनमा भएको व्यवस्था विपरीत आवश्यकता अनुसार रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकी विवरण समाबेश गरेर राखी रु.१९४७३००० भुक्तानी दिएको छ। यसरी सालबसाली भएको कार्यको भुक्तानी समयमै नगरेर यस वर्ष दिनु उचित देखिदैन ।

सैद्धान्तिक बेरुजु

२६ **यस वर्षको भुक्तानी दिन बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ ।पालिकाले आर्थिक वर्ष २०७९।८० मा बिभिन्न २१ योजनाको रु.१७७७३००० भुक्तानी दिन बाँकी रहेको बिबरण पेस गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २९ कर्मचारीको रु.२३०९८५०३, शिक्षातर्फ ११३ शिक्षकहरुको रु.७०२१३६९२ र पालिकाका ४४ कर्मचारीको रु.२३२५६०१ समेत रु.९५६३७७९६ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **कर्मचारी व्यवस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक देहायअनुसारका कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.७४४९२४० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| सब ईन्जिनियर | २ | ९०२९८० |
| अ.सब ईन्जिनियरिङ्ग | २ | ८५५४५२ |
| सहायक कम्प्यूटर अपरेटर | १ | ४२७७२६ |
| अनमी | १२ | १३३३००० |
| अहेव | १ | ४२७७२६ |
| खरिदार | १ | ४२७७२६ |
| वरिष्ठ सहायक | ५ | २१३८६३० |
| ल्याव | ४ | ९३६००० |
| **जम्मा** | **२८** | **७४४९२४०** |

| | |
|---|---|
| अनियमित भएको | ७४,४९,२४० |

३० **कानून र सञ्चालन स्थिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई

उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, १७ कार्यविधि लगायत ४५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

३१ **न्यायिक समिति –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको १० गरी कुल १४ विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **राजश्व अभिलेख -**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । रसिद नियन्त्रण खाता नराखेको कारण गत आ.व.को बाँकी रसिद के कति छन एकिन गर्न सकिएन । पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानविन गर्नुपर्दछ । अतः पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस वर्ष रु.३९९९६२ राजस्व आम्दानी भएको छ । राजस्व प्राप्त गर्दा राख्नुपर्ने म.ले.प.फा.नराखेको छैन । प्राप्त हुनुपर्ने राजस्व र प्राप्त भएको राजस्व समस्यामा कार्यलय आन्तरिक रुपमा परीक्षण भिडान गरेको नपाइदा प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन हुनसक्ने अवस्था छैन । साथै तातोपानी गाउँपालिका ग १.१ आन्तरिक राजस्व खाता नं २६३०४०१००००००१० मा Global IME मा कारोवार भएको अन्तिम मौज्दात रकम रु.३०९९९६२ रहेको छ । तर तातोपानी गाउँपालिका २७२ मा अनुसुची २४ मा उक्त खाता नदेखिएले सो समबन्धमा एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३०९९९६२ अर्थात अनुमान भन्दा ५४.९९ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३४ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | नखुलेको | ११९४०७ | अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन । |
| अन्य कर | नखुलेको | २६४७८५४ | अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन । |
| व्यवसाय कर | नखुलेको | २६५०० | अनुमान नखुलेको कारण प्रतिशत यकिन गर्न सकिएन । |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३०३१८०१८९ | ३०९९९६२ | १.०२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.०२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३६ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२६५०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी दर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आय ठेक्का लगाएको पाइएन ।

सैद्धान्तिक बेरुजु

३८ **असुली गर्न बाँकी आन्तरिक आय** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार असुल गर्न बाँकी आन्तरिक आय नरहेको उल्लेख छ ।

सैद्धान्तिक बेरुजु

३९ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी गाउँपलिका चालुबाट विभिन्न ६ व्यक्तिहरुलाई रु.४७०००० र विपद प्रकोप व्यवस्थापनबाट २४ व्यक्तिहरुलाई रु.५०००००  समेत रु.९७०००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३०९९९६२ को ३१.२९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **महोत्सव तथा अन्य खर्च** –

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल ३ उत्सव महोत्सव, दिवस, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.६७०३० खर्च गरेको छ ।

सैद्धान्तिक बेरुजु

४१ **अन्य संस्थालाई अनुदान** –

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | नेपाल पत्रकार महासंघ जुम्ला | विविध खर्च | २००००० |
| २ | गाउँपालिका राष्ट्रिय महासंघ | विविध | ५०००० |
| ३ | ज्येष्ठ नागरिक संघ तातोपानी | विविध | ५५००० |
| ४ | महिला विकास अभियान जुम्ला | विविध | ४९५००० |
| ५ | मानवसेवा आश्रम सुर्खेत | विविध | १००००० |
| ६ | जुम्ला उद्योग वाणिज्य संघ | जुम्ला महोत्सव | १३४००० |
| **जम्मा** | | | १०३४००० |

सैद्धान्तिक बेरुजु

४२ **अनुदान फिर्ता –**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम रु.१३३५०७७२ सम्बन्धित निकायमा फिर्ता मिति २०८०।६।२ गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २२३२७१३३१ | २१६२२४०५१ | ० | ७०४७२८० |
| | विषेश | १३५११५०५० | १३५११५०५० | ० | ० |
| | समपुरक | २३८७८६४ | २३८७८६४ | ० | ० |
| | **जम्मा** | **२३९१७४२४५** | **२३२१२६९६५** | **०** | **७०४७२८०** |
| प्रदेश सरकार | शसर्त | ३१८५०००० | २५५७८५०६ | ० | ६२७१४९४ |
| | विषेश | ४६४९९८७ | ४६४९९८७ | ० | ३१९९८ |
| | समपुरक | ४०६३६३९ | ४०६३६३९ | ० | ० |
| | **जम्मा** | **४०५६३६२६** | **३४२९२१३२** | **०** | **६३०३४९२** |
| | **कूल जम्मा** | **२७९७३७८७१** | **२६६४१९०९७** | **०** | **१३३५०७७२** |

सैद्धान्तिक बेरुजु

४३ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.३६०३१९२ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.३६०३१९२ फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| **क्र स** | **पेश्की लिने व्यक्ति तथा फर्म** | **प्रयोजन** | **म्याद नाघेको** |
|---|---|---|---|
| १ | लाछ्रु कार्कवाडा डाँडावाल ल्वारवाडा सभाहल रातामाटा श्यालवाड हुदै वाहुनवाडा पिसिसि सडक निर्माण उ स | लाछ्रु कार्कवाडा डाँडावाल ल्वारवाडा सभाहल रातामाटा श्यालवाड हुदै वाहुनवाडा पिसिसि सडक निर्माण | १५८४००० |
| २ | वन्तडी झोलुङ्गे पुल निर्माण उ स | झो पु निर्माण | ७८६१९२ |
| ३ | गिडीखोला खानेपानी निर्माण | गिडिखोला बृहत खानेपानी निर्माण उ स | ६३३००० |
| ४ | विविध खर्च | सुरत बहादुर शाही | ६००००० |
| जम्मा | | | ३६०३१९२ |

| पेश्की | ३६,०३,१९२ |
|---|---|

४४ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१९७०३६२२३ पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४५ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेस गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको

अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **परामर्स तथा डीपीआर खर्च –**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| गाउँपालिकाकोप्रशासनिकभवन | पि.एण्ड पि.कन्ष्ट्रक्सन प्लायर्स एण्ड रिसर्च सिभिल सेन्टर प्रा.लि. | १५००००० | १४,७३,४०७ | १८४४२२५२० |
| औद्योगिकग्राम | अप्सरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १५०००००० | १४,८०,३०० | १६६७००९१ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगरी प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **कन्टिन्जेन्सी खर्चको अभिलेख :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै अभिलेख नराखेको कारण आ.व २०७९/८० मा कन्टीन्जेन्सी बापत रु.९०७००० कट्टी गरेको भनी विवरण पेस गरेकोमा छुट्टै कन्टिन्जेन्सी खाता नराखेको कारण वास्तविक कट्टी रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४८ **सार्वजनिक परीक्षण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा

पालिकाले यस वर्ष ३ पटक सार्वजनिक सुनुवाई गरेको पाइयो । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **ठेक्का अभिलेखः-**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **ठेक्का व्यवस्थापनको चरणमा समस्याः**

गाँउपालिकाले ५ शैयाको अस्पताल भवन निर्माणका लागि रु. ११११३७७३५।५५ (मू. अ. कर र कन्टिजेन्सी) समेतको लागत अनुमान तयार गरि मिति २०७९।७।६ मा सुचना आब्हान गरेको विभिन्न ४ वटा फर्मबाट बोलपत्र पेस भई सोको प्राविधिक मूल्यांकन बाट ३ वटा फर्महरु उतीर्ण भएको देखिन्छ।उक्त मूल्यांकन पश्चात प्राविधिक मूल्यांकनबाट उतीर्ण भएको एक पार्टीबाट अर्को पार्टीको Key Item को अनुभव नभएको भनी मिति २०७९।१२।१३ मा उजुरी गरेपश्चात सो सम्बन्धमा पालिकाले सार्वजनिक खरिद अनुगमन कार्यालयलाई २०७९।१२।१९ मा राय सुझावका लागि लेखी पठाएकोमा उक्त निकायबाट लेखापरीक्षण अवधिसम्म पनि राय सुझाव प्राप्त नभएकोले सो पश्चातका कार्यहरु अगाडी बढेको देखिएन। पालिकाले सो सम्बन्धमा आवश्यक पहल गरि काम अगाडी बढाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५१ **ठेक्का व्यवस्थामा प्रतिस्पर्धाको स्थितीः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । गाँउपालिकाले उपलब्ध गराएको ठेक्का व्यवस्थापनको विवरण अनुसार यस वर्ष व्यवस्थापन भएका ठेक्काहरुमा ३.६8 प्रतिशत देखी ६०.६8 प्रतिशत सम्म घटी रकम कवोल गरेको देखियो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । ठेक्का व्यवस्थालाई प्रभावकारी बनाउन लागत अनुमान यथार्थपरक वनाउन ध्यान दिनुपर्दछ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १,०७९।८० | खानेपानी योजना | ६१९८२३८।०४ | ४०१५२८२।०० | ३५.२१ |
| २ | २,०७९।८० | नदी नियन्त्रण | १००००००००।०० | ४७९९०९८।०० | ५२.०० |
| ३ | ३,०७९।८० | सडक निर्माण | १०३४२०००।०० | ४०४८७४८।०० | ६०.६८ |
| ४ | ४,०७९।८० | खानेपानी योजना | ७०००००००।०० | ३४६५११४।०० | ५०.४९ |
| ५ | ५,०७९।८० | सडक निर्माण | १०७७००००।०० | ४५८४१३०।०० | ५७.४३ |
| ६ | ६,०७९।८० | खानेपानी योजना | ७०००००००।०० | ६३४४३४९।०० | ९.३६ |
| ७ | G,१,०७९।८० | स्टिल पार्ट खरिद | १५२४२४७।०० | १४६०४००।०० | ४.०० |
| ८ | G,२,०७९।८० | स्टिल पार्ट खरिद | १५७७८८०।०० | १४३८०१४।०० | ८.८६ |
| ९ | G,३,०७९।८० | औषधि खरिद | २००००००।०० | १९२६३९८।०० | ३.६८ |

सैद्धान्तिक बेरुजु

५२ **कार्यसम्पादन जमानतको अवधि कमः**

ठेक्का नं. ३, २०७९।८० गौतमवाडा गाँउ ग्रामिण सडक निर्माणको लागि रु. १०३४२०००।०० को लागत अनुमान तयार भई सबैभन्दा घटी रकम कवोलवाला निर्माण व्यवसायी श्री लक्ष्मी निर्माण सेवा सम्झौता गर्न नआएकोले सोको बोलपत्र जमानत रकम जफत गरि दोश्रो घटी निर्माण व्यवसायी श्री महत।द. हिमालय जे. भी सँग रु. ४०४८७४८।०० मा सम्झौता भएकोमा नियमानुसार रु. २६४३१८९।०० कार्य सम्पादन जमानत लिएकोमा कार्य सम्पन्न गर्ने म्याद २०२३।६।२५ रहेकोले सोको त्रुटी सच्याउने अवधि (DLP) २०२४।७।२५ को हुनुपर्नेमा २०२३।८।२९ सम्म मात्र रहेको र कार्यसम्पन्न भईसकेको देखिन्छ।गाँउपालिकाले नियममा व्यवस्था भए बमोजिमको अवधि समेट्ने गरि कार्य सम्पादन जमानत लिने व्यवस्था मिलाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **सुरक्षित नागरिक आवास कार्यक्रमः**

गाउँपालिकाले सुरक्षित नागरिक आवास कार्यक्रमका लागि छनौट गरेको कुल ५१२ विपन्न परिवार मध्ये संघीय सरकारबाट यस वर्ष प्राप्त जम्मा रु. ८०००००।०० मात्र रहेकोले विभिन्न वडाका १० परिवारलाई रु. ७५०००।०० का दरले रु. ७५००००।०० र एक परिवारलाई रु. ५००००।०० समेत जम्मा रु. ८०००००।०० उपलब्ध गराएको छ।सम्बन्धित परिवारले कार्यक्रमको उपलब्धि अनुसार कार्यसम्पन्न गरेनगरेको सम्बन्धमा गाँउपालिकाले अनुगमन एंव यकिन गर्नुपर्दछ। साथै कार्य सम्पन्न प्रतिवेदन समेत पेश हुनुपर्दछ

सैद्धान्तिक बेरुजु

५४ **कार्य सुचारु नभएकोः**

ऐरेनी हाँकु सडक निर्माणका लागि सडक बोर्ड नेपालबाट मिति २०८०।०२।३२ मा रु. १०००००००।०० को सुनिश्चितता पश्चात गाँउपालिकाबाट रु. ३००००००।०० थप समेत जम्मा रु. १३००००००।०० को लागत अनुमान तयार गरि सोही रकममा उपभोक्ता समितिसँग २०८०।३।११ मा सम्झौता भएकोमा उक्त निकायबाट बजेट प्राप्त नभएको कारण उक्त काम भएको देखिएन।वजेट प्राप्त भईनसकेको अवस्थामा योजना सम्झौता गर्नु उपयुक्त देखिएन।यस्ता कार्यमा गाँउपालिकाले सुधार गर्नुपर्दछ। साथै बजेट प्राप्त नहुँदै सम्झौता गर्नु उचित होइन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **उपभोक्ता समितिको घटी योगदानः**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि हिमशिखर मा. वि सँग रु. ६८७६८८०।०० मा ८० प्रतिशत गाँउपालिका र २० प्रतिशत विद्यालयले व्यहोर्ने गरि सम्झौता भएकोमा खुद कार्यसम्पन्न रु. ६७१५८०२।०० को भएकोमा पालिकाबाट पुरै रकम भुक्तानी भएकोमा विद्यालयको तर्फ २० प्रतिशतले हुने रु. १३४३१६०।०० योगदान हुनुपर्नेमा जम्मा रु. १३२५१२७।०० मात्र रहेकोले घटी योगदान भएको रु. २८०३३।०० सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु..

| असुल गर्नुपर्ने | २८,०३३ |
|---|---|

५६ **टुक्रा पारी खरिद –**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को संशोधन अनुसार रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासिंग एक पटक भन्दा बढी सीमा भन्दा बढी रकमको खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष स्यानीटरी प्याड खरिद गर्दा रु.७११२२२ का २ वटा टुक्रा पारी २ पटकमा रु.१४२२४४४ को खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ एकै विक्रेता भुसाल ग्रुप अफ इन्डट्रिजबाट सोझै खरिद गरेको देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **कर दाखिला नभएकोः**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेस गर्नुपर्ने रु.

| गोभौनं./मिति | विवरण | करको दर | कर रकम |
|---|---|---|---|
| १८।२०८०।३।२४ | शिक्षा तर्फको भत्ता भुक्तानी वापत पारिश्रमिक कर दाखिला नभएको | १५ % | २७६०० |
| १८।२०८०।३।२४ | शिक्षा तर्फको अग्रिम कर दाखिला नभएको | १.५ % | १३३९ |
| २३।२०८०।३।३१ | शिक्षा तर्फको अग्रिम कर दाखिला नभएको | १.५ % | १९९० |
| २७८।२०७९।११।५ | वडा नं ६ वडा सचिव प्रेम खत्री अग्रिम कर | १.५ % | २४७५ |
| ३८७।२०७९।१२।५ | वडा न २ वडा सचिव तेज वहादुर रावत अग्रिम कर | १.५ % | ३००० |
| २८६।२०८०।३।२४ | नेत्र ज्योती मावि हाँकु पुस्तकालय अग्रिम कर | १.५ % | ९७५० |
| २८६।२०८०।३।२४ | जनजागृति मावि वारागाउँ विज्ञान प्रयोगशाला अग्रिम कर | १.५ % | ९७५० |
| **जम्मा** | | | **५५९०४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,९०४ |

## ५८ जटिलसंरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| सि. न . | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गिडिखोला वृहत खानेपानी निर्माण उ स | खानेपानी निर्माण | १३६७००० |
| २ | कर्णालि राजमार्ग देखी बाबिरा मुलथान सम्म रेलिङ्ग रङरोगन र नाली तथा पि सी सी निर्माण उ स | पि सि सि सडक निर्माण | १०००००० |
| ३ | पाण्डेवाडा घट्टेगाड सडक पि.सि.सि निर्माण उ स | पि सि सि सडक निर्माण | ८००००० |
| ४ | गाउँको अन्त्य सम्म पि.सी.सी बाटो निर्माण उ स | पि सि सि सडक निर्माण | ८००००० |
| ५ | जर्मी झोलुङ्गे पुल देखि सुन्दरगाउँ सम्म बाटो पिसिसि निर्माण उ स | पि सि सि सडक निर्माण | १००००० |
| जम्मा | | | ४०६७००० |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **पदाधिकारी सुविधा:**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई गत वर्षको भुक्तानी दिन बाँकी समेत गरी यस वर्ष रु.५७६३००० रकम सुविधा वापत भुक्तानी गरेको छ ।

सैद्धान्तिक बेरुजु

६० **खर्चमा मितव्ययिता** –

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एंव उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ । इन्धन खर्चको लगबुक, मर्मत खर्चको अभिलेख, भ्रमण खर्चको खाता अद्यावधिक नगरेको, कार्यालय सम्बन्धी खर्च र विविध खर्च समेतमा निम्नानुसार खर्च भएको देखिएकोले उक्त खर्चमा मितव्ययीता कायम गर्न ध्यान दिनुपर्दछ ।

| सि.नं. | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|
| १ | कार्यालय सम्बन्धी खर्च | ८२९८२२८ |
| २ | विविध खर्च | ३२२८००० |
| ३ | इन्धन खर्च | २५२३२७५ |
| ४ | भ्रमण खर्च | २१४८९६० |
| ५ | मर्मत खर्च | २७८२९३० |
| ६ | अनुगमन तथा मूल्यांकन | १५७९४०९ |

सैद्धान्तिक बेरुजु

६१ **वितरणमुखी खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । यसका केहि उदाहरण निम्न प्रकार रहेका छन् ।

| सि.न. | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| १ | वडा न ५ ले विजया दशमीको उपलक्ष्यमा सञ्चालन गरेको फुटबल प्रतियोगिता | २००००० |
| २ | वडा न ४ ले विजया दशमीको उपलक्ष्यमा सञ्चालन गरेको फुटबल प्रतियोगिता | ३८५४४ |
| ३ | वडा न ७ ले वडास्तरीय खेलकुद प्रतियोगिता | १९०००० |
| ४ | वडा न ६ ले फुटवल प्रतियोगिता | १९५०० |
| ५ | समाज चेतना युवा क्लव भलिवल सञ्चालन | ४०००० |
| ६ | वडा न १,२ र ३ को तिज विशेष कार्यक्रम | ६५००० |
| ७ | वडा न ६ ज्येष्ठ नागरिक स्वीटर, ज्याकेट, टोपी वितरण | २९९५०० |
| ८ | वडा न ८ को फुटवल सञ्चालन | १५०००० |
| ९ | पालिका अन्तर्गत कर्मचारी फुटवल सञ्चालन | ५०००० |
| १० | कर्णाली खेलकुद क्लब | ७५००० |

वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

६२ **कर्मचारी बीमा तथा नवीकरणः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले सो विपरीत कानुन तथा कार्यविधि नबनाई रु.१७०११४ रकम पालिकामा कार्यरत कर्मचारीको बीमा तथा नवीकरण वापत खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,७०,११४ |

६३ **सूचना तथा विज्ञापन छपाईमा छुट नदिएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । कुनैपनि पत्रिकामा सूचना प्रकाशन गर्दा सूचनाको साइज र दररेट उल्लेख गरी सूचना प्रकाशन गर्नुपर्दछ साथै राष्ट्रियस्तरको पत्रिकामा विज्ञापन दिदाँ उपयुक्त दर र पाएको छुट कट्टी गरी रकम भुक्तानी दिनु पर्दछ । पालिकाले निम्नानुसारको पत्रिकामा विज्ञापन प्रकाशन वापत भुक्तानी गर्दा प्रकाशित विज्ञापनमा छुट सुविधापनि नदिएको र दर उल्लेख गर्दा राष्ट्रिय स्तरका पत्रिकाको दररेट भन्दा वढी भुक्तानी गरेकोले उक्त रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| गो भौ र मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन । विल नं | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | वढी दर | वढी भुक्तानी | |
|---|---|---|---|---|---|---|---|---|
| २४१। २०७९।९।२८ | नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि | विज्ञापन प्रकाशन (३३) | ८५ **CC** | १७८० | १४५० | ३३० | ३१६९७ | |
| २४१। २०७९।९।२८ | नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि | विज्ञापन प्रकाशन (१७) | ४५ **CC** | १७८० | १४५० | ३३० | १६७८१ | |
| २४१। २०७९।९।२८ | नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि | विज्ञापन प्रकाशन (१६) | ४५ **CC** | १७८० | १४५० | ३३० | १६७८१ | |
| २४१। २०७९।९।२८ | नेपाल अल स्पोर्टर्स मिडिया प्रा लि | विज्ञापन प्रकाशन (१८) | ७३ **CC** | १७८० | १४५० | ३३० | २७२२२ | |
| **जम्मा** | | | | | | | | **९२४८१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,४८१ |

६४ **राष्ट्रिय विपद जोखिम न्यूनिकरण कार्यक्रमः**

नेपाल सरकार राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आगलागिजन्य विपद् प्रभावित निजी आवास पुर्नस्थापना तथा पूर्ननिर्माण अनुदान वितरण कार्यविधी, २०७८ र मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ को परिच्छेद ३(५) अनुसार यस कार्यविधी वमोजिम प्रदान गरिने अनुदान मध्ये गाउँपालिकाले १० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र संघीय सरकारले बाँकी प्रतिशत अनुदान व्यहोर्ने व्यवस्था रहेको छ । यस पालिका अन्तर्गतका ४ घरपरिवारलाई आगलागिजन्य विपद् प्रभावित निजी आवास पुर्नस्थापना तथा पूर्ननिर्माण अनुदान र २२ घरपरिवारलाई मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान स्वरुप एकमुष्ट रु.८८०००० जिल्ला प्रशासन कार्यालयको खातामा रकम ट्रान्सफर गरेको छ । तर लेखापरीक्षण अवधिसम्म विपद स्वरुप राहत पाउने ४ घरपरिवारले मात्र संघ तथा स्थानीय तहले व्यहोर्ने अशंको रकम मात्र पाएका र प्रदेश सरकारले व्यहोर्ने अशं बराबरको रकम नपाएका साथै बाकी २२ घरपरिवारले कुनै पनि अनुदान राहत नपाएको भन्ने कार्यालयको भनाई रहेको छ । कार्यविधीमा भएको व्यवस्था अनुसार नै तिन तहकै सरकारले प्रदान गर्नुपर्ने राहत अनुदान रकम समयमै विपद् घरपरिवारलाई वितरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६५ **सफ्टवेयर खरिद** -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले डिजिटल हाजिरीको प्रतिवेदन हेर्ने सम्बन्धी सफ्टवेयर H R M –SOFTTECH .COM.NP खरिद गरी रु.४९७२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **जनतासँग अध्यक्ष कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले नागरिकसँग अध्यक्ष कार्यक्रमका लागि रु.८३ लाख बजेट व्यवस्था गरी मन्दिर निर्माण, शिविर सञ्चालन, कुलो मर्मत, छात्रवृति वितरण लगायतका कार्यमा रु.७५ लाख खर्च गरेको छ । यस अन्तर्गत कतिपय कार्यक्रमहरु वितरणमुखी, प्रतिफल र उपलब्धी हासिल नहुने लगाएतका रहेकाले योजनाको प्राथामिकीकरण गरी उत्पादन र रोजगारी श्रृजना हुने गरी वार्षिक बजेट तथा कार्यक्रममा शिर्षक निर्दिष्ट गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **जनतासँग उपाध्यक्ष कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । गाउँपालिकाले नागरिकसँग उपाध्यक्ष कार्यक्रमका लागि रु.१ करोड ३ लाख बजेट व्यवस्था गरी मन्दिर

निर्माण, सडक निर्माण, धारो निर्माण लगायतका कार्यमा रु.६९ लाख खर्च गरेको छ । साथै कतिपय कार्यक्रमहरु वितरणमुखी, प्रतिफल र उपलब्धी हासिल नहुने लगाएतका रहेकाले योजनाको प्राथामिकीकरण गरी उत्पादन र रोजगारी श्रृजना हुने गरी वार्षिक बजेट तथा कार्यक्रममा शिर्षक निर्दिष्ट गरी खर्च गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६८ **शिक्षक दरवन्दी र पदपूर्ति** -

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरुमा ११३ शिक्षकहरुको दरबन्दी रहेकोमा ५२ जना करार सहित ११३ जनाकै पदपूर्ति भएकोमा ६४५१ विद्यार्थीको संख्या रहेको छ । शिक्षक दरबन्दी दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** –

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई र विद्यालयको भौतिक गुणस्तर सुधार वापत वित्तीय समानीकरण अनुदानबाट रु. १२००००० खर्च लेखेको पाईयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | १२,००,००० |
|---|---|

७० **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई भनी पालिकाले भुसाल ग्रुप अफ इन्डस्ट्रिजबाट १४७०० थान स्यानिटरी प्याड रु.१४२२४४४ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि हतारमा विद्यालयलाई वितरण गरेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन । साथै स्यानिटरी प्याडको गुणस्तर परीक्षण पनि भएको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७१ **औषधि खरिद** –

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा

अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले २ बजेट उप शिर्षकबाट रु.३२ लाख ७५ हजारको औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **स्वास्थ्य बीमा कार्यक्रमः**

नेपाल सरकार स्वास्थ्य बीमा वोर्ड स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६ अनुसार भनी पालिकाले यस वर्ष वडा नं १ का ५५ जनाको रु.१९३९००, वडा नं २ का ७२ जनाको रु.१८०६००, वडा नं ३ का ५७ जनाको रु.२०७२००, वडा नं ४ का ४६ जनाको रु.१८००००, वडा नं ५ का ९४ जनाको रु.२०००००, वडा नं ६ का ७० जनाको रु.१८३५००, वडा नं ७ का ५२ जनाको रु.१८०००० र वडा नं ८ का ५९ जनाको रु.१४९५०० समेत कूल ५०५ जनाको रु.१४७४७०० स्वास्थ्य बीमा वापतको रकम व्यहोरेको छ ।उपलब्ध विवरण अनुसार नियम १६ बमोजिमको व्यवस्था अनुरुप सुविधा पाउने परिवारको मात्र रकम व्यहोरेको सम्बन्धमा यकिन हुन सकिएन । सो सम्बन्धमा पालिकाले नै नियमावली अनुरुप सुविधा पाउने परिवारहरुको मात्र स्वास्थ्य बीमा कार्यक्रमको रकम व्यहोर्ने गर्नुपर्दछ । नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,७४,७०० |

७३ **अनुदानको अनुगमन** –

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा दिएको अनुदान खर्चको विवरण एकीकृत गरी नराखेको कारण अनुदान रकमको विवरण पेस हुन सकेन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७४ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाको विवरण प्राप्त नभएका कारण पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको सम्बन्धमा यकिन गर्न सकिएन । त्यसैगरी

पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणमा पेस भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७५ **सहकारी अनुदानः**

भौ.नं. १५१/२०८०/०२/०४ तातोपानी गाँउपालिकाले कार्यक्रम संचालन गर्दा लक्षित वर्ग पहिचान गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाले जलजला महिला सहकारी संस्थालाई भेडा बाख्रा तथा भैसी खरिद गर्न प्रति व्यक्ति रु २५००० का दरले २५ जनालाई जम्मा रु ६२५०००।०० अनुदान दिएको देखियो । कार्यक्रम बमोजिम भेडा बाख्रा र भैसी खरिद गरेको प्रमाण संलग्न नरहेकोले उक्त प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

७६ **सहभागी भत्ताः**

भौ.न.१९४, मिति २०८०।०३।१३ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को वुँदा ७.१.१५ मा सहभागीको आते जाते खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा वस वापत्तको न्युनत्तम भाडा पाउने, सार्वजनिक यातायात नचल्ने स्थानको आतेजाते गरी दुई दिनसम्मको एकमुष्ट रु.२००।०० र सो भन्दा वढी जतिसुकै दिन भएपनि रु. ५०० एकमुष्ट पाउने व्यवस्था छ । पालिकाबाट वाख्रा पकेट विकास कार्यक्रम संचालन हुँदा ३९ जना सहभागीहरुलाई प्रति व्यक्ति रु. ५०० को दरले रु. १९५००।०० सहभागी भत्ता भुक्तानी दिनुपर्नेमा रु. १५००।०० को दरले रु. ५८५००।०० भुक्तानी दिएको छ।बढी भुक्तानी भएको सहभागी भत्ता रु. ३९०००।०० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,००० |

७७ **फोहरमैला व्यवस्थापन –**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८ **प्रदेश तर्फः**

राहत वितरणः

शहिद स्मृति भत्ता वितरण निर्देशिका, २०७९ को दफा ४ को उपदफा ३ बमोजिम घाईते, अपाङ्गता र शहिद भएका परिवारलाई राहत दिने गरि ६५ जनालाई वार्षिक प्रति रु. २४०००।०० को दरले रु. १५६००००।०० राहत वितरण भएको छ।राहत वितरण भएका निम्न व्यक्तिहरुको मृत्यु भई सकेकोभनी आलेपद्धारा औल्याइएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| क्र. स. | नाम थर | राहत रकम |
|---|---|---|
| १ | श्री सम्झना कार्की | २४००० |
| २ | श्री हरि बहादुर कुँवर | २४००० |
| **जम्मा** | | **४८०००** |

| असुल गर्नुपर्ने | ४८,००० |
|---|---|

७९ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष १६२ जनालाई औसत ८८ दिनले १४२५६ दिन रोजगारी उपलव्ध गराई कार्यविधीले तोकेको दर रु.५७७ वा जिल्ला दररेटको ८० प्रतिशत ज्याला दिन सकिने व्यवस्था अनुसार जिल्ला दररेटको ८० प्रतिशतलाई आधार मानी रु.९७२१४७८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८० **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा कार्यक्रमसञ्चालन कार्यविधि, २०७७ लेलाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षाभत्ता वितरण गर्नुपर्ने, प्रत्येकबर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमितरुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृतसूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाकोअख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।यस वर्ष पालिकाले सामाजिक सुरक्षा वापत पालिका अन्तर्गतका ८ वडाका सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई रु. ७४०८०२५४वितरण गरेको छ । यस सम्बन्धमानिम्नअनुसार व्यहोराहरु देखिएका छनः

८०.१ पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८०. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेस गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

८१

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । पालिकाले २०७८।७९ सम्मको बाँकी बेरुजुको विवरण पेस गरेको छैन । साथै यस वर्ष सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेको छैन ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **तातोपानी गाउँपालिका, जुम्ला** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजुसंपरीक्षणगर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju | यो वर्ष कायम बेरुजू(C) beruju | संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju |
|---|---|---|---|---|---|
| १ | १९७१०० | ० | ० | ० | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : तातोपानी गाउँपालिका, जुम्ला , तातोपानी गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | तिर्थ बहादुर कठायत | २०७९-६-२७ | |
| कार्यालय प्रमुख | मिलन बुढ्थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शिवराज न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २०७,५१४ | १०,२९४,०५४ | १,३७०,९०९ | ० | ० | ३,६०३,१९२ |
| | | | | **जम्मा बेरुजु रकम** | १५,४७५,६६९ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११३४७२६८४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४२०३४२४५ | चालु खर्च | ३०५९६०७३२ |
| प्रदेश सरकारबाट अनुदान | ५१८१२६२६ | पूँजीगत खर्च | १९७०३६२२३ |
| राजश्व बाँडफाँट | ८३२३४१२० | वित्तीय/अन्य व्यवस्था | ७८७३१४१३ |
| आन्तरिक आय | ३०९९९६२.० | | |
| अन्य आय | ९२२८७४९५ | | |
| कुल आय | ५७२४६८४४८ | कुल खर्च | ५८१७२८३६८ |
| बाँकी मौज्दात | | १०४२१२७६४ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | चालु तथा प्रशासनिक खर्च | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| २ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| ३ | तालिम तथा कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ४ | खरिद व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन ठेक्का तथा प्रस्ताव व्यवस्थापन खरिद व्यवस्थापन खरिद व्यवस्थापन |
| ५ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट खरिद | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ६ | स्वास्थ्य कार्यक्रम तथा वजेट खर्च | स्वास्थ्यतर्फ |
| ७ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| ८ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ९ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १० | शिक्षा तर्फको वजेट तथा कार्यक्रम | शिक्षा तर्फ |
| ११ | प्रधानमन्त्री रोजगार कार्यक्रम | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १२ | मुख्यमन्त्री रोजगार कार्यक्रम | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १३ | बैक खाता छोरीको कार्यक्रम | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| १४ | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| १५ | सामान्य जोखिम | कार्यालयको लेखापरीक्षणको दौरान देखिने जोखिम |
| १६ | भूक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टी |